प्रेस विज्ञप्ती

पत्रकार साथीहरुमा नमस्कार,

सर्वप्रथम त देश संघीय संरचनामा गएपछि भएको पहिलो प्रदेशसभा निर्वाचनमा विजयी गराउनुहुने मतदातालाई धेरै धन्यवाद र आभार प्रकट गर्दछु र यो व्यवस्था ल्याउनका लागि शाहदत प्राप्त गर्नुहुने सम्पूर्ण महान् शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । शहिदहरुको बलिदानी, जनताहरुको अथक मेहेनत र तपाईहरु जस्ता पत्रकार साथीहरुको साथकै कारण आज हामी संघीय व्यवस्थामा छौं । जसको पहिलो कार्यकाल पुरा हुँदैछ । मतदाताहरुको अमुल्य मतकै कारण यो व्यवस्था भित्रको जिम्मेवार सदस्य भएर सेवा गर्न पाउँदा आफुलाई भाग्यमानी ठानेको छु ।

प्रदेश सभा र प्रदेश तहको सरकारको यो पहिलो कार्यकाल थियो । बलियो घर निर्माणका लागी बलियो जगको अति महत्व हुन्छ तर जग जहिले पनि माटो मुनी हुन्छ र घर निर्माणमा त्यति देखिदैन । तर घरको संरचना त्यही जगमा उभिएको हुन्छ । सोही अनुरुप पहिलो कार्यकाल भएकाले पनि प्रदेशले संघीयताको मर्म र भावना अनुरुप कार्यसम्पादनका लागि विभिन्न कानून तथा आधारभुत संरचना निर्माणका लागि अधिकतम ध्यान र मेहेनत परेको छ । त्यसै कारणले प्रदेशका कतिपय गतिविधि र क्रियाकलापहरु अझ स्पष्ट रुपमा आम जनमानसमा भिज्न नसकेतापनि यस अवधिमा भएका कानुनका निर्माण र अन्य गतिविधिले अर्को पटकको प्रदेश सभा सञ्चालन र सरकारको चुस्त दुरुस्त कार्यका लागि बाटो तय गरेको छ र संघीयताको असल अभ्यास अर्को पटक अझ स्पष्ट देखिनेछ भन्ने विश्वास लिएको छु ।

गण्डकी प्रदेशमा गठबन्धनको सरकार छ र त्यही गठबन्धन सरकारको कानून, संचार तथा प्रदेश सभा मामिला मन्त्रीका रुपमा सेवा गर्ने अवसर मलाई प्राप्त भएअनुरुप मन्त्रालयको कार्यभार सम्हालेको पनि १३ महिना बितिसकेको छ । प्रदेशको समृद्धि र विकास लागि सरकारको एक जिम्मेवार सदस्यको रुपमा काम गर्न पाउँदा अत्यन्त खुशी छु ।

पत्रकार साथीहरु, नितान्त सेवा गर्ने उद्देश्यनुरुप राजनीतिमा आएको हुनाले म आफ्नो प्रतिवद्धतामा अडिग छु । राजनीति मेरा लागि पेशा कदापी होइन् । व्यापार, व्यवसाय र अन्य आर्थिक स्रोतले मेरो जीविकोपार्जनमा समस्या छैन । निर्वाचित हुनुअघि नै राज्यबाट पाउने सेवा सुविधा सामाजिक सेवामा खर्च गर्ने प्रण थियो । सोहिअनुरुप हिजो प्रदेश सांसद हुँदा होस् या अहिले बहालवाला मन्त्रीका रुपमा सेवा गरिरहँदा होस् मैले प्राप्त गर्ने सबै आर्थिक सुविधा विकास निर्माण र सामाजिक कार्यमा लगाएको छु । प्रदेश सरकारबाट प्राप्त निवासको सुविधा पनि लिएको छैन । जुन विषय यहाँहरुलाई अवगत् नै छ ।

पत्रकार साथीहरु, २०७४ सालदेखि हालसम्म मेरो बैंक खातामा ४० लाख ७१ हजार २ सय ४९ रुपैया ३९ पैसा (*पहिलो वर्ष देखि क्रमश:* ७,०९,१३५।००, ६,१०,६३९।१०, ८,५९,८६८।००, १३,६६,३६०।२९ र ५,२५,२४७।००) जम्मा भएको छ । यो रकम बैठकभत्ता देखि मासिक पारिश्रमिक र अन्य सेवा सुविधा समेतको हो । निर्वाचित भए देखि हालसम्म मैले विकास निर्माण र सामाजिक कार्यमा ५८ लाख २९ हजार ६६ रुपैयाँ ५२ पैसा (*पहिलो वर्ष देखि क्रमश:* १०,५४,६५५।००, ९,०३,७०१।५२, १२,४७,०४०।००, १४,८६,९७०।०० र ११,३६,७००।००) खर्च गरेको छु र मिति २०७८ चैत्र देखि हालसम्म खर्चको पूरा विवरण तपशिल बमोजिम छ ।

अन्त्यमा, मंसिर ४ मा हुने प्रतिनिधि सभा र प्रदेश सभा निर्वाचनको तयारीमा छौं । विगतमा मैले गरेका कामलाई पार्टीले अवश्य मुल्यांकन गर्नेछ भन्ने विषयमा म विश्वस्त छु । पत्रकार साथीहरु, आम नागरिकको साथ, समर्थन र सहयोगले नै प्रदेश सांसद हुँदै मन्त्रीका रुपमा सेवा गर्दै जाँदा धेरै कुराका विषयमा सिक्ने अवसर पनि मिलेको छ । पत्रकार मित्रहरुबाट पाएको अमुल्य सुझाव र सहयोगलाई मैले उच्च महत्वका साथ हेरेको छु । राष्ट्रको चौथो अंगको रुपमा यहाँहरुको निरन्तर पहरेदारी र खबरदारीलेमात्रै लोकतन्त्रलाई बलियो बनाउन सघाउने छ । यहाँहरुको रचनात्मक सुझाव र सल्लाहको निरन्तर अपेक्षा गर्दछु र यहाँहरुको सहयोगको हृदयदेखिनै प्रशंसा गर्दछु । आगामी दिनहरुमा समेत देशको समृद्धी र जनताको जीवनस्तर उकास्ने अभियानमा निरन्तर जुटिरहने प्रतिबद्धता व्यक्त गर्दछु ।

धन्यवाद, जय नेपाल ।

मिति: २०७९/०६/१३ गते

विन्दु कुमार थापा
मन्त्री
कानून, संचार तथा प्रदेशसभा मामिला मन्त्रालय
गण्डकी प्रदेश ।

मिति २०७८ चैत्र १ देखि हाल सम्ममा मेरो बैंक खातामा विभिन्न सेवा सुविधा वापत जम्मा भएको रकममा थप गरि विकास निर्माण र सामाजिक कार्यमा भएका खर्चको विवरण:

क्र.सं.	संस्था	विवरण	रकम रु.
१	जाल्पादेवी महिला उद्धार समुह	महिला दिदीबहिनीहरुको क्षमता अभिवृद्धि सम्वन्धी तालिम	१०,०००।००
२	शुभकामना महिला समुह, पोखरा ४ र रोटरी क्लव न्यूरोड (संयोजन)	पोखरा महानगरपालिका ४, ८, ९ र ११ का महिला दिदीबहिनीहरुलाई पुनप्रयोग गर्न सकिने सेनिटरी प्याड निर्माण तालिम	७५,०००।००
३	पोखरा महानगरपालिका ८, ९, ११ का विभिन्न सडक, टोल/बस्ती	३५ वटा अटोमेटिक सेन्सर सडक बत्ती खरिद/जडान	१,९२,५००।००
४	देउराली आमा समुह, पोखरा ११ काहुँ, पोखरीथोक	रिटेन्सन वाल निर्माण	५०,०००।००
५	सामुदायिक प्रहरी सेवा समन्वय समिति, पोखरा ९	आर्थिक सहयोग	१०,०००।००
६	डाँडाथोक महिला समुह, पोखरा १६	दराज टेवल खरिद	३५,०००।००
७	राजपँधेरा टोल विकास संस्था	आर्थिक सहयोग	२५,०००।००
८	गण्डकी प्रदेश प्यारागलाइडिङ संघ	क्लोज क्याम्प, नवौं राष्ट्रिय खेलकुद कार्यक्रम	२५,०००।००
९	दलित महिला समुह, पोखरा ९	कम्प्यूटर तालिम	२५,०००।००
१०	नरवदेश्वर शिवालय मन्दिर, पोखरा १६	सामाजिक भवन निर्माण	२५,०००।००
११	हृदयको आवाज महिला समुह	आर्थिक सहयोग	५,०००।००
१२	सिमलचौर युवा क्लव, पोखरा २१	आर्थिक सहयोग	१५,०००।००
१३	वेशी पिपलडाली भलाम, पोखरा २०	खानेपानी पाइप सहयोग	२६,४००।००
१४	नवदिप हाइट टोल विकास संस्था, पोखरा १६	कार्यालयको लागि सामान खरिद	२५,०००।००
१५	बगाले थापा कुल संरक्षण समिति	सामाजिक भवन निर्माण	५१,०००।००
१६	पोखरा १७, विरौटा	खानेपानी पाइप खरिद/जडान	८२,५००।००
१७	प्रतिभा मार्ग पोखरा ८	कन्भेक्स मिरर फिटिङ	५,८००।००
१८	क्षेत्री महिला समाज, कास्की	आर्थिक सहयोग	२०,०००।००
१९	माया देवी श्रीस	स्तन क्यान्सर विरामी आर्थिक सहयोग	५,०००।००
२०	जेष्ठ नागरिक समाज, पोखरा ९	पार्क संरक्षणका लागि आर्थिक सहयोग	५,०००।००
२१	पोखरा २०, मौजा	कुल डाँडा देखि चौतारा सम्म ग्राभेल	२५,०००।००
२२	मोहोरिया सिंहनाथ टोल ताया र नयाँबजार साँकृतिक समिति समिति	ताया : मचा नृत्य प्रतियोगिता	२०,०००।००
२३	मगर समाज घर, पोखरा	कुर्ची, रेफ्रीजेरेटर खरिद	२७,०००।००
२४	विश्व हिन्दु महासंघ, कास्की	आर्थिक सहयोग	१०,०००।००
२५	मैदान टोल विकास संस्था, पोखरा १६	भर्याङ्ग खरिद	१६,०००।००
२६	नव आदर्श सामुदायिक विकास मञ्च	आर्थिक सहयोग	१५,०००।००
२७	अन्नपूर्ण सामुदायिक विकास मञ्च, पोखरा १८	आर्थिक सहयोग	१०,०००।००
२८	बडहरबोट नित्यानन्द मार्ग, पोखरा १६	५०० मि. जिआई खानेपानी पाइप/जडान	६८,०००।००
२९	मार्गदर्शन महिला समुह	आर्थिक सहयोग	५०,०००।००
३०	सिद्धार्थ आमा समुह, पोखरा १७	कुर्ची दराज खरिद	२५,०००।००
३१	पोखरा २०, मालिका टोल	बस्ती संरक्षण तारजाली निर्माण	२५,०००।००
३२	पोखरा १६, हरपाक	पानी ट्यांकी मर्मत	३७,५००।००
३३	एकता सामुदायिक युवा क्लव, पोखरा २०, भलाम	युवाहरुलाई दुर्व्यसनी सम्बन्धी सचेतना कार्यक्रम	३५,०००।००
३४	युथ अफ कुँवर टोल, पोखरा ८	आर्थिक सहयोग	१५,०००।००
३५	केशवराज रेग्मी स्मृति प्रतिष्ठान, कास्की	आर्थिक सहयोग	२०,०००।००
३६	मण्टेश्वरी एशोसियशन कास्की	आर्थिक सहयोग	१५,०००।००
	जम्मा		११,३६,७००।००